# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा, कोशी प्रदेश, नेपाल

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जामुनबारी, कोशी प्रदेश, नेपाल

## कार्यको नाम:

कनकाई नगरपालिकाकले तोकिदिएको क्षेत्र (बिरिङ्ग नदी) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दररेट बमोजिमको नदीजन्य सामाग्री (पदार्थ) संकलन तथा बिक्री

## बोलपत्र फाराम (Bidding Document)

**सम्झौता संकेत नं.: KANAKAI/IR/2080/81-04**

## जारी मिति: २०८०/०४/३०

Scanned with CamScanner

# बिषय-सूची (Table of Contents)


खण्ड १: बोलपत्र आह्वानको सूचना तथा जानकारी.......................................................3

खण्ड २: नदीजन्य पदार्थ संकलन, उत्खनन परिमाण तथा दररेट सम्बन्धी विवरण..................7

खण्ड ३ :सम्झौताका शर्तहरु...........................................................................................9

खण्ड ४: मूल्य सूची तालिका.........................................................................................10

खण्ड ५: बोलपत्र तथा सम्झौता सम्बन्धी फारमहरु.........................................................11


रिप्रसाद मिश्र
शाखा अधिकृ

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
कोशी प्रदेश, नेपाल

Scanned with CamScanner

# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा, कोशी प्रदेश, नेपाल
फोन: ०२३-४०११५५, इमेल: kanakai.mun@gmail.com


नदीजन्य पदार्थ संकलन र बिक्री तथा उक्त क्षेत्रमा लगाईने सडक सुधार शुल्क सम्बन्धी आन्तरिक आयको

## विद्युतीय बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति: २०८०/०४/३०

१. यस कनकाई नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, आन्तरिक आयको ठेक्का बन्दोवस्त सम्बन्धी कार्यविधि २०७५ "ढुङ्गा, गिटी बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" अनुसार तपशिल कार्यहरुको लागि बोलपत्रको मध्यमबाट योग्य फर्म/कम्पनी छनौट गर्नुपर्ने भएको हुनाले तपसिल कार्यको लागि इच्छुक सम्पूर्ण कम्पनी/फर्मको जानकारीको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएकोछ। बोलपत्र सम्बन्धी मुख्य विवरण तपशिल बमोजिम रहेकोछः

तपशिल:

| क. स. | सम्झौता संकेत नं.: | कार्य तथा अन्तरिक आय संकलन क्षेत्र | आ.व. २०८०/८१ को लागि न्यूनतम रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति तथा समय | बोलपत्र फाराम शुल्क | वोलपत्रको मान्य हुने अवधि | वोलपत्र जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | बोलपत्र जमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | KANAKAI/IR/2080/81-04 | कनकाई नगरपालिकाकले तोकिदिएको क्षेत्र (विरिङ्ग नदि) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारवाट तोकिएको दर रेट वमोजिमको नदीजन्य सामाग्री (पदार्थ) संकलन तथा बिक्री | रु. २०३४५७६१.४७ | २८ भाद्र २०८०, मध्यान्ह १२:०० बजे | रु. ३,००० | ९० दिन | कबोल रकमको न्यूनतम ५ प्रतिशत | १२० दिन |
| . | KANAKAI/IR/2080/81-05 | विरिङ्ग खोला क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमा लिईने सडक सुधार शुल्क | रु. ४१,१४,५५६।- | २८ भाद्र २०८०, मध्यान्ह १२:०० बजे | रु. ३,००० | ९० दिन | कबोल रकमको न्यूनतम ५ प्रतिशत | १२० दिन |

हरिप्रसाद मिश्र
शाखा अधिकृत

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी,
कोशी प्रदेश,

Scanned with CamScanner

२. बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताले थप जानकारी लिन यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । बोलपत्र सम्बन्धी कागजात सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा संचालित विद्युतीय खरिद प्रणाली (https://bolpatra.gov.np/egp/) मा उपलब्ध छ।

३. बोलपत्र कागजातको शुल्क (बोलपत्र दस्तुर) यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गा, राजस्व खाता नं.: १४७०३०००००१००१००००००१ मा जम्मा गर्नुपर्नेछ र जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।

४. इच्छुक बोलपत्रदाताले माथि उल्लेखित मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा संचालित विद्युतीय खरिद प्रणाली (https://bolpatra.gov.np/egp/) मार्फत बोलपत्र पेश गर्नुपर्नेछ।

५. तोकिएको मिति र समय भित्र प्राप्त भएका बोलपत्र सोहि दिनको अपरान्ह १२:३० बजे उपस्थित हुन चाहने बोलपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा यस नगरपालिकाको कार्यालयमा खोलिनेछ तर बोलपत्रदाताका प्रतिनिधिको उपस्थिति नभए पनि प्रप्त्र भएका बोलपत्रहरु खोल्न कुनै बाधा पर्ने छैन ।

६. बोलपत्र साथ माथिको तालिकामा उल्लेख भए बमोजिम बोलपत्र जमानत पेश गर्नु पर्नेछ र उक्त बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्रको मान्य हुने अवधि भन्दा कम्तिमा ३० दिन बढीको हुनुपर्नेछ ।

७. बोलपत्रदाताले बोलपत्र जमानत बापत नगदै राख्न चाहेमा यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं.: १४७०३०००००३००००००००१ मा जम्मा गरी बुझिने गरी भौचर स्क्यान गरी संलग्न/अपलोड गर्नुपर्नेछ।

८. एक बोलपत्रदाताले एक्लै वा संयुक्त उपक्रमको रुपमा एउटा मात्र बोलपत्र पेश गर्न पाउनेछ । कुनै बोलपत्रदाताले एक भन्दा बढी बोलपत्र पेश गरेको अवस्थामा त्यस्तो बोलपत्रहरु मान्य हुनेछैन ।

९. बोलपत्र फारम जसको नाममा खरिद गरिएको हो सोही कम्पनी/फर्मको नाममा बोलपत्र पेश गर्नुपर्नेछ ।

१०. नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाको सहयोगमा संचालित आयोजनाको हकमा त्यस्तो दातृ संस्थाबाट कुनै बोलपत्रदातालाई कालोसूचीमा राखी बोलपत्र पेश गर्न अयोग्य ठहर भएको भए त्यस्ता बोलपत्रदातालाई नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाबाट कालोसूचीमा राख्न घोषित अवधिसम्म बोलपत्र पेश गर्न ग्राह्य हुनेछैन ।

११. बोलपत्र तयारी तथा यस प्रक्रियामा सहभागी हुनुपूर्व कार्यस्थलको सम्पूर्ण जानकारी प्राप्त गर्न बोलपत्रदाताले आफ्नै खर्च, जिम्मेवारी र जोखिममा स्थलगत निरीक्षण गर्न सक्नेछ ।

१२. बोलपत्रसंग सम्बन्धित सम्पूर्ण कागजातहरु नेपाली वा अंग्रेजी भाषामा हुनेछन ।

हरिप्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

फिक्कल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, इलाम
कोशी प्रदेश, नेपाल

Scanned with CamScanner

१३. बोलपत्र सम्बन्धी कागजातमा रहेका कुनै विषयमा स्पष्ट हुन चाहने इच्छुक बोलपत्रदाताले बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति भन्दा पाँच दिन अगावै नगरपालिकामा सम्पर्क गरि प्रष्टीकरण प्राप्त गर्न सक्नेछन

१४. बोलपत्रदाताले पेश गर्ने बोलपत्रमा निम्न कागजातहरु बुझिने गरी भौचर स्क्यान गरी संलग्न/अपलोड गर्नुपर्नेछः:

क. बोलपत्र दाखिला पत्र (Letter of Bid) सहितको बोलपत्र कागजात (Bid Document)

ख. कानूनी ग्राह्यता सम्बन्धी कागजातहरुः

- सम्बन्धित क्षेत्रमा कार्य गर्ने गरी स्थापना भएको संस्था (फर्म/कम्पनी) दर्ता प्रमाणपत्र (प्रतिलिपि पेश गर्नुपर्ने, उद्देश्य खुल्ने कागजातको प्रतिलिपि समेत)
- उल्लेखित कार्य गर्न इजाजत आवश्यक पर्ने भए सम्बन्धित निकायबाट जारी इजाजत पत्र
- स्थायी लेखा (PAN) तथा मू.अ.कर दर्ता प्रमाणपत्र
- आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्र

ग. बोलपत्र जमानत (नगद जम्मा वा बैंक जमानत)

घ. अख्तियारी पत्र (बोलपत्रमा संचालक बाहेको हस्ताक्षर भएमा)

ङ. अंकित मूल्य सूची (कबोल रकम) अनिवार्य

१५. बोलपत्र टाइप गरिएको वा नमेटिने मसीले लेखिएको र अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ । कुनै थपघट, फेरबदल, केरमेट गरिएको वा सच्याइएको स्थानमा सोहि व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ ।

१६. बोलपत्रदाताले आफुले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनु भन्दा अगावै प्रणालीबाट बोलपत्र फिर्ता लिन वा संशोधन गर्न सक्नेछन।

१७. पेश भएका बोलपत्रको पूर्णता, ग्राह्यता तथा कबोल रकमको मूल्यांकन गरी सबै भन्दा बढी रकम कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही बोलपत्र छनौट गरिनेछ ।

१८. बोलपत्रदाताले बोलपत्र फारममा आफुले कबोल गरेको रकम अंक र अक्षर प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । कबोल रकमको अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई आधार मानी कूल कबोल रकम गणना गरिनेछ। विद्युतीय खरिद प्रणाली (eGP) र मूल्य सूचिमा उल्लेखित रकम फरक परेमा मूल्य सूचिमा उल्लेखित रकमलाई आधार मानी कबोल रकम निर्धारण गरिनेछ।

१९. सम्झौता गर्नुअघि कुनै पनि समयमा कारण खुलाई वा नखुलाई कुनैपनि बोलपत्र स्वीकार वा अस्वीकार गर्ने वा बोलपत्रको प्रक्रिया रद्ध गर्ने वा सम्पूर्ण बोलपत्र अस्वीकार गर्ने अधिकार नगरपालिका निहित रहनेछ। यसरि रद्ध वा अस्वीकार गर्दा बोलपत्रदताप्रति नगरपालिकाको कुनै दायित्व रहनेछैन ।

हरिप्रसाद मिश्र
शाखा अधिकृत

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जामुनबारी, झापा कोशी प्रदेश, नेपाल



Scanned with CamScanner

२०. नगरपालिकाले बोलपत्र स्वीकृतिको जानकारी **"बोलपत्र स्वीकृत गर्ने आशयको सूचना"** मार्फत स्वीकृत वा छनौट भएको बोलपत्रदातालाई र अन्य सबै सहभागी बोलपत्रदाताहरुलाई पत्र वा इमेल वा सार्वजनिक सूचना मार्फत गराउनेछ ।

२१. **"बोलपत्र स्वीकृत गर्ने आशयको सूचना"** जारी भएको कम्तिमा ७ दिन पश्चात छनौट भएको बोलपत्रदातालाई **"स्वीकृतिपत्र"** वा **"बोलपत्र स्वीकृतिको सूचना"** जारी गरिनेछ। उक्त सूचना जारी भएको मितिले १५ दिन भित्र कबोल रकमको कम्तिमा १०% रकम (बैंक जमानत वा नगरपालिकाको धरौटी खातामा नगद जम्मा) पेश गरि सम्झौता गर्नुपर्नेछ । उक्त जमानतको मान्य हुने अवधि सम्झौता अवधि भन्दा कम्तिमा ३० दिन बढी सम्मको हुनुपर्नेछ। नगद जम्मा भएको जमानत रकम अन्तिम किस्ता रकममा मिलान गर्न सकिनेछ। उल्लेखित अवधी भित्र कार्यसम्पादन जमानत पेश गरि सम्झौता नगरेमा पेश भएको बोलपत्र जमानत जफत गरी कालो सूचीमा राखिनेछ।

२२. माथि उल्लेखित क्रम संख्या ४ (कनकाई नदी सडक सुधार शुल्क) को हकमा **"बोलपत्र स्वीकृत गर्ने आशयको सूचना"** आवश्यक पर्नेछैन। छनौट भएको बोलपत्रदातालाई ७ दिन अवधिको **"स्वीकृतिपत्र"** वा **"बोलपत्र स्वीकृतिको सूचना"** जारी गरिनेछ। छनौट नभएका व्यवसायीलाई बोलपत्रदाता छनौट सम्बन्धी जानकारी गराईनेछ।

२३. सम्झौता पूर्व कबोल रकम नगरपालिकामा एकमुष्ट बुझाएमा कवोल रकमको १० प्रतिशत छुट प्रदान गर्न सकिनेछ। यस्तो अवस्थामा कार्यसम्पादन जमानत आवश्यक पर्नेछैन। सम्झौता भए पश्चात कार्यदेश वा चलानपूर्जि जारी भए पश्चात सम्झौता प्रारम्भ भएको मानिनेछ ।

२४. प्रस्तावित कार्यको निमित्त छनौट भएको बोलपत्रदाता बोलपत्र प्रक्रियाको प्रतिस्पर्धामा सहभागी हुँदा कुनै किसिमको भ्रष्टाचार वा जालसाजीजन्य कार्यमा संलग्न भएको ठहरिएमा वा नगरपालिकालाई रकम बुझाउनु बाँकी बक्यौता भएको ठहरिएमा नगरपालिकाले त्यस्तो बोलपत्रदातासँग खरिद सम्झौता गर्न अस्विकार गर्नेछ।

२५. अन्य व्यावस्था प्रचलित कानून बमोजिम हुनेछ।

हरिप्रसाद मिश्र
लेखा अधिकृत

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
कोशी प्रदेश, नेपाल

Scanned with CamScanner

## खण्ड २: नदीजन्य पदार्थ संकलन, उत्खनन परिमाण तथा दररेट सम्वन्धी विवरण

क) परिमाण

छनौट भएको बोलपत्रदाताले देहायको ४ स्थानबाट तोकिए बमोजिमको परिमाणमा मात्र बिरिङ्ग नदीबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्न पाउने छ । उल्लेखित व्यवस्था विपरित संकलन गरेको पाईएमा नियमानुसार कारवाही गरिने छ ।

| क्षेत्र | उत्खनन् क्षेत्र/सथान | उत्खनन् गर्न सकिने कुल परिमाण घ.मि. | नदीजन्य सामग्रीहरुको किसिम<br>ढुङ्गा, गिट्टि घन फिट | नदीजन्य सामग्रीको संरचना घ.मि.<br>वालुवा घन फिट | संरचना प्रतिशत<br>भरौट घन फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रजापती (विरिङ्ग - टाङटिङ्ग दोभान क्षेत्र, टाङटिङ्ग तर्फ | ५११९९५ | १५३५९९ | २३०३९८ | १२७९९९ | |
| २ | विरिङ्ग पुल ५०० मि. उत्तर | ११२९९२० | ३३८९७६ | ५०८४६४ | २८२४८० | |
| ३ | मन्सापुर/खाडी वस्ती | ६५८१७८ | १३१६३६ | २६३२७१ | २६३२७१ | |
| ४ | सुकुम्बासी टोल | ४६२२०८ | ४६२२०.७९ | १८४८८३ | २३११०४ | |
| ५ | घैलाडुब्बा क्षेत्र बाटो माथी | २८२४८० | ५६४९६ | १६९४८८ | ५६४९६ | |
| ६ | घैलाडुब्बा क्षेत्र बाटो तल | १६९४८८ | १६९४८.८ | १०१६९३ | ५०८४६.४ | |
| जम्मा | | ३२१४२६९ | ७४३८७६ | १४५८१९७ | १०१२१९६ | |

ख) दररेट

छनौट भएको बोलपत्रदाताले देहायको दर रेटमा शुल्क लिनु पर्नेछ । तपशिलमा उल्लेख भए भन्दा बढी दरमा शुल्क लिन पाइने छैन। उल्लेखित दर रेट भन्दा बढी शुल्क लिएको पाईएमा नियमानुसार कारवाही गरिने छ।

| क्र.स. | विवरण | दररेट रु (प्रति घन फिट) |
|---|---|---|
| १. | ढुङ्गा, गिट्टि | ७ |
| २. | वालुवा | ६ |
| ३ | भरौट | ४ |

नोटः उपरोक्त दर रेटमा १३ प्रतिशत मूल्य अभिबृद्धि कर समावेश भएको छैन ।

Scanned with CamScanner

**ग. दररेट (सवारी साधन)**

छनौट भएको बोलपत्रदाताले देहायको दर रेटमा सडक सुधार शुल्क बिरिङ्ग नदीबाट नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनहरुबाट मात्र लिनु पर्नेछ । तपशिलमा उल्लेख भए भन्दा बढी दरमा शुल्क लिन पाइने छैन। उल्लेखित दर रेट भन्दा बढी शुल्क लिएको पाईएमा नियमानुसार कारबाही गरिने छ।

| क्र.स. | विवरण | दररेट रु. (प्रति घन फिट) |
|---|---|---|
| १. | ट्याक्टर | १००।- |
| २. | टिपर (सानो) | १५०।- |
| ३. | टिपर (ठुलो) | २००।- |

**नोटः उपरोक्त दर रेटमा १३ प्रतिशत मूल्य अभिबृद्धि कर समावेश भएको छ।**

हरिप्रसाद मिश्र
शाखा अधिकृत

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
कौशी प्रदेश, नेपाल

Scanned with CamScanner

# खण्ड ४: मूल्य सूची तालिका (कबोल रकम)

| क्र.सं. | विवरण | कबोल रकम (मू.अ.क समेत) | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १ | कनकाई नगरपालिकाले तोकिदिएको क्षेत्र (बिरिङ्ग नदी) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदीजन्य सामाग्री (पदार्थ) संकलन तथा बिक्री । | रु. | रु. |

**बोलपत्र दाता (संस्था) को नामः**

**ठेगानाः**

**अख्तियारी प्राप्त व्यक्तिको नामः**

**अख्तियारी प्राप्त व्यक्तिको हस्ताक्षरः**

**सम्पर्क नं.:**

**इमेल ठेगानाः**

**संस्थाको छाप**

हरिप्रसाद मिश्र
शाखा अधिकृत

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
कोशी प्रदेश, नेपाल

Scanned with CamScanner

## खण्ड ५: बोलपत्र तथा सम्झौता सम्बन्धी फारमहरु

# बोलपत्र दाखिला पत्र (Letter of Bid)

बोलपत्रदाताले आफ्नो लेटर हेडमा आफ्नो पुरा नाम र ठेगाना अनिवार्यरुपमा उल्लेख गरि यो बोलपत्र फाराम भर्नु पर्नेछ।

श्री कनकाई नगरपालिका, मितिः.......................................

जामुनबारी, झापा, प्रदेश नं., नेपाल। बोलपत्रको नामः ..................................

सम्झौता संकेत नं.: .................................

हामी तपशिलमा दस्तखत गर्ने घोषणा गर्दछौं किः

a. बोलपत्र सम्बन्धी फाराम हामीले सम्पूर्ण रुपमा अध्ययन एवं परिक्षण गरेका छौँ। यस बोलपत्र सम्बन्धी फाराममा उल्लेखित शर्त हामीलाई मन्जुर छ र यस फाराम प्रति हाम्रो कुनै पनि आग्रह वा पूर्वाग्रह रहेको छैन।

b. बोलपत्र सम्बन्धी फाराममा उल्लेखित कार्य गर्न हामी प्रस्ताव गर्दछौँ।

c. हाम्रो कूल कबोल रकम रु.------------------ (अक्षरमा:----------------------------------) हो ।

d. बोलपतको मान्य हुने अवधि बोलपत्र सम्बन्धी फाराममा उल्लेख भए बमोजिम हामीलाई बाध्यकारी हुनेछ। उल्लेखित मान्य हुने अवधि समाप्त हुने अवधि समाप्त हुनु अघिसम्म कुनै पनि समयमा बोलपत्र स्वीकार गर्नेछौं।

e. हाम्रो बोलपत्र स्वीकृत भएको अवस्थामा बोलपत्र फारममा उल्लेख भएको शर्त बमोजिमको कार्यसम्पादन जमानत पेश गरि सम्झौता गर्ने प्रतिबद्दता व्यक्त गर्दछौं।

f. औपचारिक सम्झौताको तयारी तथा कार्यन्वयन नभएसम्म यो बोलपत्र लगायत त्यस कार्यालयबाट बोलपत्र स्वीकृत भएको सूचना हामीबीचको बन्धनकारी सम्झौता सरह हुनेछन भन्ने व्यवहोरा हामीलाई राम्रोसंग जानकारी छ।

g. **हामी यो बोलपत्र प्रकृयामा भाग लिन अयोग्य नभएको, प्रस्तावित कार्यमा हाम्रो स्वार्थ नबाझीएको र सम्बन्धित पेशा वा व्यावसाय सम्बन्धी कसूरमा हामीले सजाय नपाएको भनि लिखित रुपमा घोषणा गर्दछौं।**

h. त्यस कार्यालय हाम्रो लगायत पेश हुन आएका कुनै बोलपत्र स्वीकार गर्न बाध्य हुनेछैन भन्ने व्यहोरा हामीलाई राम्रोसंग जानकारी छ।

नामः.................................

पदः.................................

हस्ताक्षर/दस्तखतः.................................

बोलपत्रमा हस्ताक्षर गर्न अधिकार प्राप्त व्यक्ति.................................

मितिः......................

...प्रसाद मिश्र

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जामुनबारी, झापा

Scanned with CamScanner